मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन नं. ०४८-५४०११२/५९८

प.सं.२०८२/०८३
च.नं.

मिति:२०८३/०१/२२
ने.सं. ११४६

**विषयः प्रस्ताव पेश गर्ने बारे सूचना ।**

मन्थली नगरपालिकाको आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना (CBR) कार्यक्रम अन्तरगत तपसिलमा उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले यस मन्थली नगरपालिका भित्र अपाङ्गताका क्षेत्रमा काम गर्ने तपसिल बमोजिम योग्यता पुगेका गैर सरकारी संस्थाले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**क.संस्थाले सञ्चालन गर्नुपर्ने मुख्य मुख्य क्रियाकलापहरु**

१.शारीरिक रुपमा अपाङ्गता भएका व्यक्तिको प्राविधिक नापजाँच सहितको तथ्याङ्क संकलन गरी सोहि अनुसारको सहायक सामाग्री खरिद गरि आवश्यकता अनुसार वितरण गर्ने ।

२. ग र घ वर्गका अपाङ्गता भएका व्यक्तिको लागि लक्षित सिप विकास, आयआर्जन वृद्धि (बाख्रापालन तथा माहुरीपालन) र रोजगारी सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरि अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गर्ने ।

**ख.संस्था छनौट प्रक्रियामा दरखास्तसाथ बुझाउनुपर्ने कागजपत्र तथा दस्तावेजहरु:**

१.अपाङ्गताका क्षेत्रमा काम गरेको कम्तिमा २ वर्षको अनुभव सम्बन्धी कागजात ।

२.संस्था दर्ता नवीकरण, विधान प्रशासनिक र आर्थिक नियमावलीको प्रतिलिपि ।

३.समाजकल्याण परिषदमा आवद्धता भएको प्रमाण पत्रको प्रतिलिपि ।

४.वार्षिक प्रतिवेदन तथा लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि ।

५.संस्थाको भौतिक पुर्वाधारको अवस्था दर्साउने कागजात, सम्पर्क नम्बर, इमेल ठेगाना सहितको विवरण ।

६.स्थानीय तहमा सूचीकृत भएको प्रमाण पत्रको प्रतिलिपि ।

७.गत आ.व.सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

प्रमुख प्रशासकीय अधिकृत
देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत